# संघीयता कार्यान्वयनमा संगठन संरचना तथा कर्मचारी व्यवस्थापनसम्वन्धी प्रतिवेदन

**२०७३ चैत्र २२**

## कार्यदल

| | |
|---|---|
| सहसचिव श्री सूर्यप्रसाद गौतम, | सयोजक |
| कार्यकारी निर्देशक श्री देवकुमारी गुरागाई | सदस्य |
| सहसचिव, श्री टेकनारायण पाण्डे | सदस्य |
| महानिर्देशक, श्री बाबुराम पौडेल | सदस्य |
| सहसचिव, डा. हरिप्रसाद लम्साल | सदस्य |
| कार्यकारी निर्देशक, श्रीकृष्णप्रसाद काप्री | सदस्य |
| सहसचिव, श्री बैकुण्ठ प्रसाद अर्याल | सदस्य |
| सहसचिव, डा. तुलसी प्रसाद थपलिया | सदस्य |
| उपसचिव, कानून श्री रेशमराज सिग्देल | सदस्य |
| उपसचिव, प्रशासन श्री दिपक कोइराला | सदस्य |
| उपसचिव, डा. आनन्द पौडेल | सदस्यसचिव |

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा २८५ को उपधारा १ मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्नसंघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरुको गठन गर्न सक्ने र त्यस्ता सेवाहरुको गठन, सञ्चालन र सेवाका शर्त संघीय ऐनबमोजिम हुने प्रबन्ध रहेको छ । नेपालको संविधानको धारा ५७ को उपधारा १ र धारा १०९ बमोजिम अनुसूची ५ मा उल्लिखित संघको अधिकार क्षेत्रमा केन्द्रीय विश्वविद्यालय,केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ । त्यस्तै गरी संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार अन्तर्गतः प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र संग्रहालय तोकिएको छ । साथै संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ । संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचीभित्र शिक्षा समेत समावेश गरिएकोछ ।

संविधानले राज्यको संरचनामा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरेको छ । यस सन्दर्भमा नेपालको संविधानको धारा २८५ र ३०२ बमोजिम सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउनु पर्ने अवस्था सिर्जना भएको छ । नेपाल सरकारको मिति २०७३ फागुन २७ गतेको निर्णय अनुसार ७४४ ओटा स्थानीय तह कायम भएको छ । जस अन्तरगत महानगरपालिका ४, उपमहानगरपालिका १३, नगरपालिका २४६ गाउँपालिका ४८१ रहेको छ । स्थानीय तहबाट सञ्चालन हुने सवैप्रकारका सेवा प्रवाहका लागि आवश्यक सङ्ख्यामा कर्मचारीहरुको व्यवस्थापन जरुरी भएको छ ।

उपर्युक्त सन्दर्भलाई द्दष्टिगत गरी नेपाल सरकार, शिक्षा मन्त्रालयले मिति २०७३ चैत्र १ गतेको माननीय मन्त्रीस्तरीय निर्णयानुसार एक कार्यदल गठन गरी कार्य जिम्मेवारी प्रदान गरेको छ । स्थानीय तहबाट माध्यमिक तहको विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक अधिकार र जिम्मेवारी स्पष्ट गर्ने प्रयोजनका लगि उक्त कार्यदललाई जिम्मेवारी प्रदान गरेको छ । नेपालको संविधान, शिक्षा ऐन र नियमावलीले गरेका प्रावधानहसमेतका आधारमा शिक्षा मन्त्रालय र यस अन्तरगतका निकायहरुको सङ्गठन संरचना, कार्यक्षेत्र, भूमिका,जनशक्ति व्यवस्थापन, कार्यक्षेत्रगत शर्त समेत तय गर्न कार्यादेश कार्यदललाई प्राप्त भएअनुसार यो प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेस गरिएको छ।

## २. सवैधानिक व्यवस्था

संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (ग) मा सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीतिहरुमा स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नेदेखि बहुभाषिक नीति अबलम्वन गर्ने सम्मका विषय व्यवस्था गरिएको छ । धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति भित्र शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी,नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रबर्धन गर्ने भनी उल्लेख भएको छ ।

नेपालको संविधानको अनुसूची ५ मा केन्द्र सरकार वा संघको अधिकार सूचीभित्र केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ।त्यसै गरी संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूचि भित्र प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय लगाएतका शिक्षा सम्बन्धी अधिकार क्षेत्रतोकिएको छ साथै संविधानको अनुसूची ८ मा स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारहरुमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ । संविधानको अनुसूची ९ मा संघ,प्रदेश र स्थानीय तहको अधिकारका शिक्षालाई साझा सूचिभित्र समेत समावेश गरिएकोछ।संविधानमा उल्लिखित प्रस्तावना, मौलिक हक र राज्यका नीतिहरु कार्यान्वयन गराउन राज्यको मूल संरचना, संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुने व्यवस्था संविधानले गरेको सन्दर्भमा शिक्षा सम्वन्धी अधिकारहरु कार्यान्वयन गराउन शिक्षाको केन्द्रदेखि स्थानीय तहसम्मको निकायले महत्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ ।

## ३. शिक्षा सम्बन्धी सवैधानिक प्रबन्ध

नेपालको संविधानको प्रस्तावनामा सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एंव प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक,धार्मिक एवं लैङ्गिक विभेद र सवै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने तथा साथै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने सङ्कल्प गरिएको छ । संविधानको धारा १८ मा समानताको हक अन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान हुने, १८(३) मा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु मुस्लिम, उत्पिडित, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत वर्ग, आर्थिक रुपले विपन्न वर्गको संरक्षण, सशक्तीकरण  वा विकासका लागि कानून बमोजिम व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ । त्यसैगरी संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकले शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरेको छ । जस अन्तर्गतः

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

त्यसै गरी संविधानको धारा ३८ मा महिलाको हक अन्तरगतमहिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ भने धारा ३९ मा बालबालिकाको हक अन्तर्गतप्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । संविधानको धारा ४० मा दलितको हक अन्तरगत दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च

शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तरगतआर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख भएको छ ।

## ४. मन्त्रीपरिषदबाट स्वीकृत केन्द्र प्रान्त तथा स्थानीय तहको कार्य विवरण

### क. संघको समष्टिगत कार्य जिम्मेवारी

**संविधानको अनुसूची ५ को अधिकार नं १५ : केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय**

१. उच्च शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड निर्धारण र नियमन
२. केन्द्रीय विश्वविद्यालय सम्बन्धी नीति, कानुन, मापदण्ड निर्धारण, प्रशासन र नियमन
३. वैदेशिक विश्वविद्यालयसँगको सम्बन्धन, प्रत्यायन (Accreditation), समन्वय तथा नियमन
४. केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, केन्द्रीय पुस्तकालय सम्बन्धी नीति, कानुन निर्माण तथा व्यवस्थापन

**अनुसूची ९ को अधिकार नं २ : शिक्षा, खेलकूद र पत्रपत्रिका**

५. शिक्षा सम्बन्धी राष्ट्रिय नीति, कानुन तथा मापदण्ड निर्माण
६. मानव संसाधन आवश्यकता प्रक्षेपण तथा राष्ट्रिय शैक्षिक योजना निर्माण
७. शिक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय विकास साझेदार र निकायसँगको समन्वय
८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयंसेवा सम्बन्धी नीति निर्धारण र परिचालन
९. विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल (Core) विषयको पाठ्यक्रम र नमुना पाठ्यपुस्तक निर्माण एवम् प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड निर्धारण र नियमन
१०. विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता एवम् सक्षमताको मापदण्ड निर्धारण र नियमन
११. शैक्षिक संस्थाको स्थापना र सञ्चालनको राष्ट्रिय मापदण्ड निर्धारण
१२. कूटनीतिक नियोग तथा विदेशी शैक्षिक संस्थाबाट सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति र नियमन
१३. विदेशमा नेपालको पाठ्यक्रमअनुसार विद्यालय खोल्न अनुमति
१४. विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड निर्धारण
१५. विद्यालय तहको कक्षा १२को परीक्षा व्यवस्थापन
१६. शैक्षिक योग्यताको समकक्षता निर्धारण
१७. छात्रवृत्ति र विद्वत वृत्ति सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण
१८. स्वदेशी तथा विदेशी नागरिकका लागि शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृति
१९. राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन

**ख. प्रदेशको समष्टिगत कार्य जिम्मेवारी**

**अनुसूची ६ को अधिकार नं ८ : प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय**

**प्रदेश विश्वविद्यालय र उच्च शिक्षा**

२०. प्रदेशस्तरको उच्च शिक्षा सम्बन्धी नीति, कानुन, प्रशासन, मापदण्ड र नियमन
२१. प्रदेश विश्वविद्यालय सम्बन्धी नीति, कानुन, मापदण्ड, प्रशासन र नियमन
२२. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन

**प्रदेशस्तरको शिक्षा सम्बन्धी निकाय**

**पुस्तकालय र सङ्ग्रहालय**

२३. प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन
२४. प्रदेशस्तरमा सङ्ग्रहालय सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन

**अनुसूची ९ को अधिकार नं २: शिक्षा, खेलकुद र पत्रपत्रिका**

२५. शिक्षाको प्रादेशिक नीति,कानुन, मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन
२६. प्रादेशिक मानव संसाधन आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन
२७. प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण र उत्पादन
२८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, पाठ्यक्रम र पाठ्य सामग्री निर्माण, कार्यान्वयन र नियमन
२९. विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता र सक्षमताको प्रदेशस्तरमा मापदण्ड निर्धारण एवम् नियमन
३०. माध्यमिक तहको शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन
३१. माध्यमिक तह कक्षा १० को परीक्षा व्यवस्थापन
३२. उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन
३३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन
३४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रवृत्ति व्यवस्थापन
३५. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन

**ग. स्थानीय तहको समष्टिगत कार्य जिम्मेवारी**

**अनुसूची ८ को अधिकार नं ८ : आधारभूत तथा माध्यमिक शिक्षा**

३६. प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिकशिक्षा, खुला तथा वैकल्पिक(गुरुकूल, मदरसा, गुम्बा आदि) एवम् निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
३७. प्राविधिक तथा व्यावसायिक तालिमको योजना, तर्जुमा, सञ्चालन, अनुमति र नियमन
३८. पाठ्यक्रम र पाठ्यसामग्री वितरण र कार्यान्वयन
३९. विद्यालय शिक्षक एवम् कर्मचारीको व्यवस्थापन
४०. विद्यालय नक्शाङ्कन, विद्यालयको अनुमति, स्वीकृति एवम् समायोजन र नियमन

४१. शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार
४२. आधारभूत तह कक्षा ८ को परीक्षा व्यवस्थापन
४३. विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र व्यवस्थापन
४४. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको
४५. शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन
४६. स्थानीय तहका शैक्षिक ज्ञान, सीप र प्रविधि संरक्षण, प्रबर्द्धन र स्तरीकरण
४७. स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन
४८. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

हाल सम्पादन हुदै आएका कार्यहरु तथा उपर्युक्त कार्य विवरणका आधारमा संघ, प्रान्त तथा स्थानीय निकायबाट सम्पादित हुन पर्ने विस्तृत कार्य विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

## ५. सङ्गठन संरचनाको वर्तमान अवस्था

राष्ट्रको शिक्षा सम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नु तथा मुलुकभरको शिक्षा क्षेत्रको योजना, व्यवस्थापन र सेवा प्रदान गर्नु शिक्षा मन्त्रालयको मुख्य दायित्व हो भने शिक्षा क्षेत्रको दिगो विकास गरी दक्ष जनशक्ति उत्पादन गर्नुयसको मुख्य उद्देश्य हो । यस मन्त्रालय अन्तर्गत केन्द्रीय स्तरका निकायहरू कार्यक्रमहरूको कार्यान्वयन र तिनीहरूको अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार छन् भने क्षेत्रीय कार्यालयहरू समन्वय र अनुगमन गर्ने निकायको रूपमा रहेका छन् । जिल्ला शिक्षा कार्यालयहरू जिल्ला भित्र शिक्षा सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्ने मुख्य निकायको रूपमा रहेका छन् ।

नेपाल सरकारको कार्य विभाजन नियमावली,२०७२ अनुसार यस मन्त्रालयलाई १९ ओटा काम तोकिएको छ । जस अन्तर्गत शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन साथै बालविकास (शिशु) शिक्षा, प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, उच्च माध्यमिक तथा उच्च शिक्षा, दूर शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा तथा विशेष शिक्षा, जनसंख्या शिक्षा र पौष्टिक आहार कार्यक्रम, प्राविधिक, व्यावसायिक, नैतिक र शारीरिक शिक्षा, शिक्षक तालिम र शैक्षिक जनशक्ति विकास नीतिको तर्जुमा तथा कार्यान्वयन, शिक्षण संस्था जस्तै गुरूकुल, आश्रम, गुम्बा, मदरसा, खुला प्रतियोगिताबाट छनोट हुनेलाई छात्रवृत्ति, विदेश अध्ययन अनुसन्धान गर्न जाने तथा विदेशीलाई नेपालमा अध्ययन अनुसन्धानको स्वीकृति, प्राज्ञिक अनुसन्धान, पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षा सम्बन्धी सर्वेक्षण, तथ्याङ्क तथा अनुसन्धान, पुस्तकालय र वाचनालय, शिक्षा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, शिक्षा सम्बन्धि द्विपक्षीय र बहुपक्षीय सम्झौता, संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ (युनेस्को), विश्वविद्यालयहरू तथा अध्ययन संस्थान, विश्वविद्यालय अनुदान आयोग, जनक शिक्षा सामग्री केन्द्र, साझा प्रकाशन, नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूह बाहेक) का विषयहरू रहेका छन् ।

## ६. शिक्षा मन्त्रालयमा हाल रहेको दरवन्दीको अवस्था

शिक्षा मन्त्रालय अन्तरगत स्वीकृत दरवन्दीको माथिको विवरण र हाल कार्यरत कर्मचारीहरुको अवस्थालाई हेर्दा समग्रमा सघ प्रान्त र स्थानीय निकायसम्म व्यवस्थापन गर्न अत्यावश्यक कुल दरवन्दी सख्या २७०१

जना देखिन आएको छ । तहगत रुपमा व्यवस्थापन गर्न पर्ने कर्मचारीहरुको अवस्था देहायबमोजिम रहेको छ ।

| राप प्रथम | राप द्वितीय | राप तृतीय | राप अन. प्रथम | राप अन. द्वितीय | राप अन. तृतीय | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २३ | ४९९ | ८८४ | ५८१ | २३० | ४ | ४८० | २७०१ |

माथि तालिकामा प्रस्तुत तह तथा श्रेणीगत कमर्चारीहरुको विवरणका आधारमा कूल २७०१ जनालाई सघ, प्रदेश तथा स्थानीय निकायसमेतमा व्यवस्थापन गरी कार्यजिम्मेवारी तय गरी व्यवस्थापन हुन अत्यावश्यक आएको छ । उपर्युक्त विवरणमध्ये निजामती सेवा अन्तरगत शिक्षा सेवा शिक्षा प्रशासन समूह अन्तरगतका विभिन्न उपसमूहमा कार्यरत कर्मचारीहरु कुल १४७० रहेका छन् । उक्त सङ्ख्यामध्ये पद र श्रेणी अनुसारको अवस्था देहायवमोजिम रहेको छ ।

| राप प्रथम | राप द्वितीय | राप तृतीय | राप अन प्रथम | जम्मा |
|---|---|---|---|---|
| २२ | ४८५ | ७१० | २५६ | १४७० |

साथै पर्यटन मन्त्रालय र अन्तर्गतका निकाय, रक्षा मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, लोक सेवा आयोग, राष्ट्रिय युवा परिषद (अस्थायी दरबन्दी), सूचना तथा सचार मन्त्रालय र निकायमा शिक्षा सेवाको देहायबमोजिम रहेकोछ ।

| पद | लोक सेवा आयोग | युवा तथा खेलकूद मन्त्रालय | भाषा आयोग | युवा परिषद तथा समिति | रक्षा मन्त्रालय | पर्यटन मन्त्रालय | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| सह सचिव, शिक्षा | १ | १ | १ | ० | ५ | ३ | ११ |
| उपसचिव, शिक्षा | २ | ५ | ५ | ० | ५ | ९ | २६ |
| शिक्षा अधिकृत | ३ | ५ | ३ | ० | २१ | ५७ | ८९ |
| प्रास |  | १ | ५ | ० | ३२ | ४७ | ८५ |
| नाप्रास तथा खरिदार |  |  | 0 |  | ७ | ३४ | ४१ |
| **जम्मा** | ६ | १२ | १४ | ० | ६३ | ११६ | २११ |

उपर्युक्त कूल १६८१ ओटा स्वीकृत दरवन्दीमा कार्यरत कर्मचारीहरुलाई नै सघ, प्रान्त र स्थानीय निकायमा पुनर्संरचित गरी सङ्गठनात्मक स्वरुप निर्धारण हुन जरुरी देखिन आएको छ । यसका लागि हाल केन्द्रीय तथा प्रान्तीय स्वरुप यकिन भइ नसेको अवस्था रहेकाले हाल स्थानीय निकायको स्वरुप तय भइ सकेको हुँदा सविधानले तोकेको माध्यमिक तहसम्मको शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक

जनशक्तिलाई तत्काल यकिन गरी स्थानीय तहमा पठाउन अत्यावश्यक देखिएकाले स्थानीय तहको कुल ७४४ ओटा निकायमा समायोजन गर्न सकिने गरी कर्मचारीसहितको खाका तयार गरिएको छ ।

## ७. स्थानीय तहको सङ्गठन संरचना तथा कर्मचारी व्यवस्थापनका लागि प्रस्तावित खाका

नेपालको संविधानले राज्यलाई तीन तहमा विभाजन गरेको छ । संविधानले स्थानीय तहदेखि केन्द्र वा संघसम्मको अलग अलग र साझा अधिकार सूचिको व्यवस्था गरेको छ । स्थानीय तहमा महानगर, नगर र गाउ पालिकाको व्यवस्था भएअनुसार उक्त तहमा शिक्षा सम्बन्धी व्यवस्थापनका लागि संविधानद्वारा प्रदत अधिकार, नेपाल सरकार मन्त्रिपरिषदद्वारा संविधानको अनुसूचीमा व्यवस्था गरेको अधिकारको कार्यविस्तृतीकरण तथा उच्च स्तरीय प्रशासन सुधार कार्यान्वयन अनुगमन प्रतिवेदन, २०७३ समेतका आधारमा शिक्षा क्षेत्रको स्थानीय तहको कार्य विवरण तथा सङ्गठन संरचना र जनशक्ति व्यवस्थापन प्रस्ताव गरिएको छ ।

## ८. सरचना तथा कर्मचारी व्यवस्थापन गर्दा अवलम्बन गरिने नीतिगत प्रावधान

१. हालका विभिन्न सेवा तथा उपसमूहमा रहेका कानुन, स्वास्थ, इन्जिनियरिंग बाहेक एउटै सेवा कायम गरिनु पर्ने । यदि एकीकृत गर्न असम्भव भएमा राप द्वितीय श्रेणी सम्म हालकै सेवा समूह कायम गर्न उपयुक्त हुने ।

२. एकीकृत सेवा प्रवाह नीति तथा सिद्धान्त अनुसार कमर्चारी व्यवस्थापन निजामती सेवा ऐन तथा अन्य प्रचलित कानुनु अनुसार कार्यरत कर्मचारीलाई स्थानीय तहमा खटाउँदा जेष्ठताका आधारमा कार्यकारी प्रमुखको जिम्मेवारी तोक्ने ।

३. मन्त्री परिषदबाट संघ, प्रदेश र स्थानीय तहबाट स्वीकृत कार्य विवरणका आधारमा तोकिएका शिक्षा सम्वन्धी कार्य गर्न तत्कालका लागि हाल संचालनमा रहेका १०५३ स्रोत केन्द्रमा कार्यरत स्रोत व्यक्तिबाट समन्वय गर्ने गरी थप कार्य जिम्मेवारी प्रदान गर्ने ।

४. गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा हालका लागि स्रोत व्यक्तिलाई कार्य जिम्मेवारी थप गर्दा एक स्थानीय तहमा एक मात्र स्रोत केन्द्र हुँदाको अवस्थामा समन्वयका लागि निजलाइ नै जिम्मेवारी प्रदान गर्ने । तर एक भन्दा बढी स्रोत केन्द्र हुंदाको अवस्थामा वरिष्ठतम स्रोत व्यक्तिलाई समन्वयको जिम्मेवारी प्रदान गर्ने । स्रोत व्यक्तिको व्यवस्थापन जिल्ला शिक्षा कार्यालयले गर्ने ।

५. जिशिकाले स्थानीय तहको संरचनागत खाका स्वीकृत भइ कार्य सम्पन्न नहुँदासम्म जिल्ला समन्व समिति र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी प्रभावकारी सेवा प्रवाहको सुनिश्चतता गर्ने ।

६. स्थानीय तहको सड्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्दा विषयगत मन्त्रालयको समेत राय लिइ स्थानिय तहको सरचना तथा कर्मचारी व्यवस्थापन गर्न उपयुक्त हुने ।

७. स्थानीय तहमा शिक्षासम्बन्धी सेवा प्रवाहको लागि कर्मचारीको व्यवस्थापन गर्दा निजामती सेवा अन्तरगत शिक्षा सेवामा कार्यरत कर्मचारीबाट गर्ने । यसरी व्यवस्थापन गर्दा नपुग हुन आउने कर्मचारीहरुको हकमा मन्त्रालय अन्तरगतका निकायहरु जस्तै राष्ट्रिय परीक्षा वोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, जनक शिक्षा सामग्री केन्द्र लगायतका निकायमा कार्यरत कर्मचारीसमेतलाई अर्को व्यवस्था नहुदासम्मका तत्कालका लागि कार्य जिम्मेबारी दिन उपयुक्त हुने ।

८. कर्मचारी व्यवस्थापन गर्दा सम्बन्धित तहको कार्य सम्पादन र जेष्ठताका अधारमा प्राथमिकताक्रम तयार गरी रोज्न अवसर दिइ सोही अनुसार समायोजन गर्ने ।

९. कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा उपयुक्त सुविधा दिइ अवकाश लिन सकिने व्यवस्था उपयुक्त हुने ।

१०. स्वायत्त निकायमा कार्यरत स्थायी कर्मचारी एकीकृत निजामती सेवातर्फ स्थानान्तरण हुन चाहेमा सोको अवसर दिइ कार्य जिम्मेबारी तोक्न उपयुक्त हुने ।

११. विद्यालय शिक्षक तथा कर्मचारीको हकमा तत् तत् स्थानीय तहमा नै रहने हुँदा नियुक्ति तथा बढुवाको सिफारिशका लागि प्रदेश शिक्षा अयोग रहन उपयुक्त हुने ।

१२. स्थानीय तहको शिक्षक दरबन्दी मिलान प्रदेश स्तरले गर्न उपयुक्त हुने । प्रदेशस्तरमा दरबन्दी बढी हुन अएमा संघीय मन्त्रालयले मिलान गर्न उपयुक्त हुने ।

१३. एकीकृत निजामती सेवा तय हुनु अगावै निजामती सेवामा रहेका स्थायी कर्मचारीको हकमा स्थानीय तह, प्रदेश र संघ तिनै तहमा सरूवा हुन सक्ने तथा बृत्ति विकासको अवसर प्रदान गर्ने व्यवस्था गरिनुपर्ने ।

१४. तहगतरूपमा स्रोत व्यक्ति मिलान गर्दा जिल्लामा बढी भएको स्रोत व्यक्तिलाइ अन्य तहको स्रोतकेन्द्रमा खटाउने छ । यसका लागि क्षेत्रभित्र भए क्षेशिनिले र देश भर भए शिक्षा विभागले खटाउने छ ।

१५. संचालनमा रहेका १० विश्वविद्यालयमध्ये केन्द्रीय विश्वविद्यालय (विवि) नेपाल सरकार, म. प. ले निर्णय गरिनु पर्ने र विभिन्न विकास क्षेत्र स्थापना भएका विविलाइ प्रादेशिक विविको रूपमा परिणत गर्न उपयुक्त हुने ।

१६. विविमा कार्यरत प्राध्यापक तथा कर्मचारीको व्यवस्थापन केन्द्रीय र प्रादेशिक विवि कायम भएअनुसार हुने ।

१७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट संचालन भएका विभिन्न प्राविधिक शिक्षासम्बन्धी कार्यक्रमको परीक्षाको जिम्मेबारी राष्ट्रिय परीक्षा बोर्डबाट नै गर्न उपयुक्त हुने ।

# ९. संरचना तथा जनशक्ति व्यवस्थापन

संवैधानिक प्रावधानअनुसार शिक्षा क्षेत्रको सेवा प्रवाह गर्ने सन्दर्भमा देहाय बमोजिमको संरचना प्रस्ताव गरिएको छः

## खण्ड कः निजामती सेवातर्फ

### १. महानगरपालिकाको शिक्षा संरचना




### १.१ कार्य विवरण

१. विद्यालय शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति तर्जुमा, कानूनी व्यवस्थागर्ने र सोको कार्यान्वयन गर्ने ।

२. शिक्षा सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन एवम् स्रोतको समुचित वितरण गर्ने।

३. नक्साङ्कनका आधारमा वालशिक्षा केन्द्र स्थापना, विद्यालयको अनुमति तथा स्वीकृति प्रदान गर्ने ।

४. परम्परागत ज्ञान, सीपको सम्वर्धन र धार्मिक विद्‍यालयहरु सञ्चालन तथा व्यवस्थापन गर्ने ।

५. शिक्षक एवम् विद्यालय कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, अभिलेखीकरण र व्यवस्थापनको कार्य गर्ने

६. विद्यालयको पूर्वाधार निर्माण, मर्मत तथा संरक्षण गर्ने ।

७. शैक्षिक तथ्याङ्क व्यवस्थापन, शैक्षिक उपलब्धिको विश्लेषण गरी सुधारका लागि मार्गनिर्देश गर्ने।

८. पाठ्यक्रम तथा पाठ्य सामग्री वितरण, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा मातृभाषा एवम् स्थानीय विषय छनोट गर्ने ।

९. शैक्षिक परामर्श सञ्चालन गर्ने संस्थाहरुको अनुमति, नियमन र व्यवस्थापन गर्ने ।

१०. आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन गर्ने तथा कक्षा १० र १२ को परीक्षा व्यवस्थापनमा सहजीकरण गर्ने ।

११. विद्यालय तहका सबै प्रकारका शिक्षक, शैक्षिक सरोकारवालाहरुको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।

१२. विद्‍यालयहरु तथा शैक्षिक संस्थाहरुको निरीक्षण, नियमन, अनुगमन र मूल्याङ्कन गर्ने,

१३. अनौपचारिक शिक्षा, सामुदायिक अध्ययन केन्द्र तथा निरन्तर शिक्षाको योजना निर्माण र कार्यान्वयन गर्ने गराउने।

१४. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्ने गराउने ।

१५. विद्‌यालयमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने ।

१६. शिक्षक तथा कर्मचारीहरुको पुरस्कार र दण्डको व्यवस्थापन गर्ने ।

१७. शैक्षिक गुणस्तरका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासंग समन्वय, स्रोत पहिचान, परिचालन र व्यवस्थापन गर्ने,

१८. स्थानीय कोषबाट छात्रवृति व्यवस्थापन गर्ने ।

१९. स्थानीय पुस्तकालय सञ्चालन र व्यवस्थापन गर्ने ।

२०. तोकिएका मापदण्डका आधारमा शैक्षिक संस्थाहरु गाभ्ने, नामसारी तथा ठाँउ सारी गर्ने, गराउने।

२१. संघ तथा प्रदेशले दिएका नीति,निर्देशनहरु पालना गर्ने गराउने।

## २. उप-महानगरपालिका




### २.१ कार्य विवरण

१. विद्यालय शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति तर्जुमा, कानूनी व्यवस्थागर्ने र सोको कार्यान्वयन गर्ने ।

२. शिक्षा सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन एवम् स्रोतको समुचित वितरण गर्ने।

३. नक्साङ्कनका आधारमा वालशिक्षा केन्द्र स्थापना, विद्यालयको अनुमति तथा स्वीकृति प्रदान गर्ने ।

४. परम्परागत ज्ञान, सीपको सम्वर्धन र धार्मिक विद्‌यालयहरु सञ्चालन तथा व्यवस्थापन गर्ने ।

५. शिक्षक एवम् विद्यालय कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, अभिलेखीकरण र व्यवस्थापनको कार्य गर्ने

६. विद्यालयको पूर्वाधार निर्माण, मर्मत तथा संरक्षण गर्ने ।

७. शैक्षिक तथ्याङ्क व्यवस्थापन, शैक्षिक उपलब्धिको विश्लेषण गरी सुधारका लागि मार्गनिर्देश गर्ने।

८. पाठ्यक्रम तथा पाठ्य सामग्री वितरण, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा मातृभाषा एवम् स्थानीय विषय छनोट गर्ने ।
९. शैक्षिक परामर्श सञ्चालन गर्ने संस्थाहरुको अनुमति, नियमन र व्यवस्थापन गर्ने ।
१०. आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन गर्ने तथा कक्षा १० र १२ को परीक्षा व्यवस्थापनमा सहजीकरण गर्ने ।
११. विद्यालय तहका सबै प्रकारका शिक्षक, शैक्षिक सरोकारवालाहरुको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।
१२. विद्‍यालयहरु तथा शैक्षिक संस्थाहरुको निरीक्षण, नियमन, अनुगमन र मूल्याङ्कन गर्ने,
१३. अनौपचारिक शिक्षा, सामुदायिक अध्ययन केन्द्र तथा निरन्तर शिक्षाको योजना निर्माण र कार्यान्वयन गर्ने गराउने।
१४. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्ने गराउने ।
१५. विद्‍यालयमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने ।
१६. शिक्षक तथा कर्मचारीहरुको पुरस्कार र दण्डको व्यवस्थापन गर्ने ।
१७. शैक्षिक गुणस्तरका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासंग समन्वय, स्रोत पहिचान, परिचालन र व्यवस्थापन गर्ने,
१८. स्थानीय कोषबाट छात्रवृति व्यवस्थापन गर्ने ।
१९. स्थानीय पुस्तकालय सञ्चालन र व्यवस्थापन गर्ने ।
२०. तोकिएका मापदण्डका आधारमा शैक्षिक संस्थाहरु गाभ्ने, नामसारी तथा ठाँउ सारी गर्ने, गराउने।
२१. संघ तथा प्रदेशले दिएका नीति,निर्देशनहरु पालना गर्ने गराउने।

## ३. नगरपालिका




### ३.१ कार्य विवरण

१. विद्यालय शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति तर्जुमा, कानूनी व्यवस्थागर्ने र सोको कार्यान्वयन गर्ने ।

२. शिक्षा सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन एवम् स्रोतको समुचित वितरण गर्ने।
३. नक्साङ्कनका आधारमा वालशिक्षा केन्द्र स्थापना, विद्यालयको अनुमति तथा स्वीकृति प्रदान गर्ने ।
४. परम्परागत ज्ञान, सीपको सम्वर्धन र धार्मिक विद्‌यालयहरु सञ्चालन तथा व्यवस्थापन गर्ने ।
५. शिक्षक एवम् विद्यालय कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, अभिलेखीकरण र व्यवस्थापनको कार्य गर्ने
६. विद्यालयको पूर्वाधार निर्माण, मर्मत तथा संरक्षण गर्ने ।
७. शैक्षिक तथ्याङ्क व्यवस्थापन, शैक्षिक उपलब्धिको विश्लेषण गरी सुधारका लागि मार्गनिर्देश गर्ने।
८. पाठ्यक्रम तथा पाठ्य सामग्री वितरण, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा मातृभाषा एवम् स्थानीय विषय छनोट गर्ने ।
९. शैक्षिक परामर्श सञ्चालन गर्ने संस्थाहरुको अनुमति, नियमन र व्यवस्थापन गर्ने ।
१०. आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन गर्ने तथा कक्षा १० र १२ को परीक्षा व्यवस्थापनमा सहजीकरण गर्ने ।
११. विद्यालय तहका सबै प्रकारका शिक्षक, शैक्षिक सरोकारवालाहरुको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।
१२. विद्‌यालयहरु तथा शैक्षिक संस्थाहरुको निरीक्षण, नियमन, अनुगमन र मूल्याङ्कन गर्ने,
१३. अनौपचारिक शिक्षा, सामुदायिक अध्ययन केन्द्र तथा निरन्तर शिक्षाको योजना निर्माण र कार्यान्वयन गर्ने गराउने।
१४. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्ने गराउने ।
१५. विद्‌यालयमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने ।
१६. शिक्षक तथा कर्मचारीहरुको पुरस्कार र दण्डको व्यवस्थापन गर्ने ।
१७. शैक्षिक गुणस्तरका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासंग समन्वय, स्रोत पहिचान, परिचालन र व्यवस्थापन गर्ने,
१८. स्थानीय कोषबाट छात्रवृति व्यवस्थापन गर्ने ।
१९. स्थानीय पुस्तकालय सञ्चालन र व्यवस्थापन गर्ने ।
२०. तोकिएका मापदण्डका आधारमा शैक्षिक संस्थाहरु गाभ्ने, नामसारी तथा ठाँउ सारी गर्ने, गराउने।
२१. संघ तथा प्रदेशले दिएका नीति,निर्देशनहरु पालना गर्ने गराउने।

## ४. गाउँपालिका

शैक्षिक व्यवस्थापन
शाखा

### ४.१ कार्य विवरण

१. विद्यालय शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति तर्जुमा, कानूनी व्यवस्थागर्ने र सोको कार्यान्वयन गर्ने ।
२. शिक्षा सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन एवम् स्रोतको समुचित वितरण गर्ने।
३. नक्साङ्कनका आधारमा वालशिक्षा केन्द्र स्थापना, विद्यालयको अनुमति तथा स्वीकृति प्रदान गर्ने ।
४. परम्परागत ज्ञान, सीपको सम्वर्धन र धार्मिक विद्‌यालयहरु सञ्चालन तथा व्यवस्थापन गर्ने ।
५. शिक्षक एवम् विद्यालय कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, अभिलेखीकरण र व्यवस्थापनको कार्य गर्ने ।
६. विद्यालयको पूर्वाधार निर्माण, मर्मत तथा संरक्षण गर्ने ।
७. शैक्षिक तथ्याङ्क व्यवस्थापन, शैक्षिक उपलब्धिको विश्लेषण गरी सुधारका लागि मार्ग निर्देश गर्ने।
८. पाठ्यक्रम तथा पाठ्य सामग्री वितरण, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा मातृभाषा एवम् स्थानीय विषय छनोट गर्ने ।
९. शैक्षिक परामर्श सञ्चालन गर्ने संस्थाहरुको अनुमति, नियमन र व्यवस्थापन गर्ने ।
१०. आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन गर्ने तथा कक्षा १० र १२ को परीक्षा व्यवस्थापनमा सहजीकरण गर्ने ।
११. विद्यालय तहका सबै प्रकारका शिक्षक, शैक्षिक सरोकारवालाहरुको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।
१२. विद्‌यालयहरु तथा शैक्षिक संस्थाहरुको निरीक्षण, नियमन, अनुगमन र मूल्याङ्कन गर्ने,
१३. अनौपचारिक शिक्षा, सामुदायिक अध्ययन केन्द्र तथा निरन्तर शिक्षाको योजना निर्माण र कार्यान्वयन गर्ने गराउने।
१४. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्ने गराउने ।
१५. विद्‌यालयमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने ।
१६. शिक्षक तथा कर्मचारीहरुको पुरस्कार र दण्डको व्यवस्थापन गर्ने ।
१७. शैक्षिक गुणस्तरका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासंग समन्वय, स्रोत पहिचान, परिचालन र व्यवस्थापन गर्ने।

१८. स्थानीय कोषबाट छात्रवृति व्यवस्थापन गर्ने ।

१९. स्थानीय पुस्तकालय सञ्चालन र व्यवस्थापन गर्ने ।

२०. तोकिएका मापदण्डका आधारमा शैक्षिक संस्थाहरु गाभ्ने, नामसारी तथा ठाँउ सारी गर्ने, गराउने।

२१. संघ तथा प्रदेशले दिएका नीति, निर्देशनहरु पालना गर्ने गराउने।

### ५. स्थानीय तहमा रहने जनशक्तिको प्रस्तावित विवरण

| स्थानीय तह | | | | | | कुल दरबन्दी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | पद | महानगर | उप महा | नपा | गाउंपालिका | महानगर | उप महा | नपा | गाउंपालिका | कुल जम्मा |
| १ | सह सचिव | १ | ० | ० | ० | ४ | ० | ० | ० | ४ |
| २ | उपसचिव | २ | १ | १ | ० | ८ | १३ | २४६ | ० | २६७ |
| ३ | शिक्षा अधिकृत | ४ | ३ | २ | १ | १६ | ३९ | ४९२ | ४८१ | १०२८ |
| ४ | स्रोत व्यक्ति | ६ | ४ | २ | १ | २४ | ५२ | ४९२ | ४८१ | १०४९ |
| ५ | राप अनं. प्रथम | ३ | २ | २ | १ | १२ | २६ | ४९२ | ४८१ | १०११ |
| ६ | सवारी चालक | ३ | १ | १ | ० | १२ | १३ | २४६ | ० | २७१ |
| ७ | का.स | ३ | २ | १ | १ | १२ | २६ | २४६ | ४८१ | ७६५ |
| | जम्मा | २२ | १३ | ९ | ४ | ८८ | १६९ | २२१४ | १९२४ | ४३९५ |

*नोटः सि नं. ४ मा रहेका स्रोत व्यक्ति शिक्षकबाट काजमा ल्याइ कार्यरत रहेका । निजामती सेवा तर्फको दरबन्दी नरहेको ।*

## ६. प्रदेश तहका सङ्गठन संरचना, कार्यविवरण र प्रस्तावित जनशक्ति

### १. प्रादेशिक शिक्षा मन्त्रालय

प्रादेशिक शिक्षा योजना, वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने तथा प्रदेशभित्र सञ्चालित विद्यालयहरु, विश्वविद्यालयहरु सहितका शैक्षिक निकायहरुको सञ्चालन तथा नियमन गर्ने प्रदेश तहमा शिक्षा मन्त्रालय रहने प्रस्ताव गरिएको छ । यस मन्त्रालयले प्रदेशभित्रको शैक्षिक निकायको कर्मचारी व्यवस्थापन, समसामयिक शैक्षिक मुद्दा र विवादको निरुपण, समकक्षता, गुणस्तर नियन्त्रण तथा अनुगमन र समन्वयको काम गर्नेछ । हाल स्वास्थ्य मन्त्रालय अन्तर्गत रहेर संचालनमा आएका चिकित्सा शिक्षा प्रदान गर्ने शैक्षिक प्रतिष्ठानहरु समेत यसै मन्त्रालयको कार्यक्षेत्र भित्र रहनेछन् । प्रदेश तहमा छुट्टै शिक्षा मन्त्रालय नरहने अवस्था भएमा अन्य मन्त्रालयको मातहतमा शैक्षिक व्यवस्थापन महाशाखा रहने र अलग्गै शिक्षा विभाग रहने व्यवस्था हुन उपयुक्त हुन भए तापनि हाल शिक्षा मन्त्रालयकै प्रस्ताव गरी उक्त मन्त्रालयको मुख्य कार्य विवरण र संगठन संरचना निम्नानुसार प्रस्ताव गरिएको छ ।




## १.१ मुख्य कार्यविवरण

१. शिक्षा सम्वन्धी मौलिक हक तथा वर्तमान संवैधानिक प्रावधान कार्यान्वयनका लागि प्रदेश तहमा कानून तथा नीति तर्जुमा गर्ने,
२. प्रादेशिक शिक्षा योजना,वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने,
३. प्रदेशभित्र सञ्चालित विद्यालयहरु, विश्वविद्यालयहरु, शैक्षिक प्रतिष्ठान तथा शैक्षिक निकायहरुको सञ्चालन,तथा नियमन गर्ने,
४. शिक्षा क्षेत्रमा कार्यरत विकास साझेदार,गैसस तथा धार्मिक संस्थाहरुको नियमन गर्ने,
५. विदेशी स्वंयमसेवक तथा राष्ट्रिय स्वयम् सेवा संस्था परिचालन गर्ने,
६. शैक्षिक निकायहरु तथा विद्यालयहरुको कार्यसम्पादन परीक्षण तथा स्तरीकरण गर्ने,
७. प्रदेश तहमा वैदेशिक छात्रवृत्ति तथा विद्तवृत्ति व्यवस्थापन गर्ने,
८. राष्ट्रिय पाठ्यक्रम प्रारुपको अधिनमा रही थप पाठ्यक्रम कार्यान्वयन गर्ने गराउने,
९. शैक्षिक योजना, कार्यक्रम तर्जुमा, वजेट निकासा तथा कार्यान्वयन व्यवस्था गर्ने,
१०. गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन व्यवस्था गर्ने,
११. शिक्षक व्यवस्थापन गर्ने,
१२. अदालतद्वारा भएका शिक्षा सम्वन्धी फैसला तथा कानुनी सिद्दान्त कार्यान्वयन गर्ने,
१३. शिक्षा सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता तथा सम्झौता कार्यान्वयन गर्ने,
१४. प्रारम्भिक वालशिक्षा,आधारभूत शिक्षा, माध्यमिक तह (अनौपचारिक शिक्षा वैकल्पिक तथा खुला शिक्षा समेत) सम्मको शिक्षा व्यवस्था सञ्चालन र नियमन गर्ने,
१५. प्रदेशस्तरका शिक्षाका प्रशासनिक निकायहरु तथा विकासका साझेदार संस्थाहरुसंग समन्वय तथा सहजीकरण गर्ने,
१६. प्रदेश अन्तरगतका उच्च शिक्षा प्रदायक संस्थाहरु, शैक्षिक परामर्श केन्द्रहरुको अनुगमन, निरीक्षण तथा नियमन गर्ने,

१७. स्थायी शिक्षकहरुको निवृत्तिभरण, विमा, औषधीउपचार खर्च, पारिवारिक निवृत्तिभरण, पारिवारिक वृति, शैक्षिक भत्ता तथा सन्तति वृति तथा उपदान वितरण व्यवस्था मिलाउने,

१८. शिक्षकहरुको सम्पत्ति विवरणको अभिलेख राख्ने,

१९. प्रदेशअन्तर्गत कार्यरत कर्मचारीहरूको सरूवा, बढुवा, पदस्थापनलगायतका कार्य गर्ने ।

## २. प्रदेश शिक्षक सेवा आयोग

हाल केन्द्रमा रहेको शिक्षक सेवा आयोगले सम्पादन गर्दै आएको अध्यापन अनुमतिपत्र सम्बन्धी कार्य बाहेकका शिक्षक छनोट तथा बढुवासम्बन्धी सम्पूर्ण कार्यहरु सम्पादन गर्न प्रत्येक प्रदेशमा एक शिक्षक सेवा आयोग रहनेछ । तीन सदस्यीय आयोग गठन कार्य शिक्षा ऐनले व्यवस्था गरेबमोजिम हुनेछ । यस निकायको कार्यक्षेत्र निम्नानुसार हुने प्रस्ताव गरिएको छ ।




### २.१ मुख्य कार्य विवरण

१. विद्यालय शिक्षक तथा कर्मचारीको छनोट तथा बढुवा सम्वन्धी सिद्वान्त,मापदण्ड र कार्यविधि निर्धारण गर्ने,

२. सामुदायिक विद्यालयको स्थायी दरवन्दीमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारी छनोट परीक्षा सञ्चालन गर्ने तथा नियुक्तिका लागि सिफारिस गर्ने,

३. शिक्षक बढुवा सम्वन्धी कार्य गर्ने,

४. शिक्षकलाइ विशेष सजायँ गर्ने सम्मको विभागीय कारवाहीको लागि परामर्श प्रदान गर्ने,

५. शिक्षक अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्ने,

६. शिक्षकको सेवा, शर्त र सुविधासम्बन्धी विषयमा सरकारलाइ राय सुझाव दिने,

७. सम्पादित कार्यको सरकारलाइ वार्षिक प्रतिवेदन दिने लगायत ।

## ३. प्रादेशिक पाठ्यक्रम तथा जनशक्ति विकास विभाग

प्रदेशभित्र कार्यरत शैक्षिक जनशक्तिको क्षमता विकास लगायत पेशागत क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्न र राष्ट्रिय प्राठ्यक्रम प्रारुप बमोजिम माध्यमिक तह सम्मको पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री विकास र परिमार्जन गर्न प्रत्येक प्रदेशमा एक पाठ्यक्रम तथा जनशक्ति विकास विभाग रहनेछ । यस निकायको मुख्य कार्य निम्नानुसार प्रस्ताव गरिएको छ ।




### ३.१ मुख्य कार्य विवरण

१. प्रदेशस्तरीय जनशक्ति विकास तथा तालिम नीति तर्जुमा गर्ने,
२. प्रदेशभित्र कार्यरत सबै प्रकारका शैक्षिक जनशक्तिका क्षमता विकास योजना गर्ने ,
३. विद्यालय शिक्षकको पेशागत क्षमता विकास सम्वन्धी तालिम लगायत कार्यक्रम विकास तथा सञ्चालन गर्ने,
४. सेवाकालीन शिक्षक तालिमको मापदण्ड विकास गर्ने,
५. तालिम पाठ्यक्रम तथा समाग्रीहरु विकास गर्ने,
६. तालिम योग्यताहरुको समकक्षता निर्धारण गर्ने र प्रदेश अन्तरगतका शैक्षिक तालिम कार्यक्रम तथा निकायहरुको सम्वन्धन समन्वय,अनुगमन तथा नियमन गर्ने ।
७. राष्ट्रिय पाठ्यक्रम प्रारुपको आधारमा विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने,
८. सन्दर्भ तथा सहयोगी सामग्री विकास, निजी क्षेत्रबाट उत्पादित सन्दर्भ सामग्रीको अनुमति तथा बहुपाठ्यपुस्तक प्रणाली लागु गर्ने,
९. शिक्षक निर्देशिका विकास तथा पाठ्यक्रम परिमार्जन गर्ने,
१०. पाठ्यक्रम कार्यान्वयन अनुगमन व्यवस्था गर्ने,
११. विभिन्न पाठ्यपुस्तकको विद्युतीय प्रति तयार गर्ने ।

## ७. प्रदेश तहमा रहने जनशक्तिको प्रस्तावित विवरण

| | | प्रति प्रदेश | | | ७ प्रदेश जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पद | शिक्षा मन्त्रालय | शिक्षक सेवा आयोग | पाठ्यक्रम तथा जनशक्ति विकास विभाग | शिक्षा मन्त्रालय | शिक्षक सेवा आयोग | पाठ्यक्रम तथा जनशक्ति विकास विभाग | कुल जम्मा |
| १ | सचिव | १ | ० | ० | ७ | ० | ० | ७ |
| २ | सह सचिव | २ | १ | १ | १४ | ७ | ७ | २८ |
| ३ | उपसचिव, शिक्षा | ५ | ४ | ५ | ३५ | २८ | ३५ | ९८ |
| ४ | उपसचिव, लेखा | १ | ० | ० | ७ | ० | ० | ७ |
| ५ | उपसचिव, प्रशासन | १ | ० | ० | ७ | ० | ० | ७ |
| ६ | शिक्षा अधिकृत | १० | ६ | ९ | ७० | ४२ | ६३ | १७५ |
| ७ | शा.अ., प्रशासन | २ | १ | १ | १४ | ७ | ७ | २८ |
| ८ | लेखा अधिकृत | १ | १ | १ | ७ | ७ | ७ | २१ |
| ९ | लेखापाल | ० | १ | १ | ० | ७ | ७ | १४ |
| १० | कम्प्यूटर अधिकृत | १ | १ | ० | ७ | ७ | ० | १४ |
| ११ | कम्प्यूटर अपरेटर | ० | २ | ० | ० | १४ | ० | १४ |
| १२ | राप अनं प्रथम | ९ | ६ | ५ | ६३ | ४२ | ३५ | १४० |
| १३ | हलुका सवारी चालक | ५ | ४ | ३ | ३५ | २८ | २१ | ८४ |
| १४ | का.स | १० | ४ | ५ | ७० | २८ | ३५ | १३३ |
| | जम्मा | ४८ | ३१ | ३१ | ३३६ | २१७ | २१७ | ७७० |

# खण्ड खः स्वायत्त निकायतर्फ

## १. प्रादेशिक परीक्षा बोर्ड

राष्ट्रिय परीक्षा वोर्डको नीति निर्देशमा रही कक्षा १० र १२ को प्रादेशिक तहको परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि प्रत्येक प्रदेशमा एक प्रादेशिक परीक्षा बोर्ड रहने छ । कक्षा १० को अन्तमा लिइने माध्यमिक शिक्षा परीक्षा सञ्चालन, व्यवस्थापन र नतिजा प्रकाशन तथा प्रमाणपत्रहको वितरण सम्मका सवै कार्यहरु प्रादेशिक परीक्षा बोर्डको जिम्मेवारीमा हुनेछ । त्यसै गरी कक्षा १२ मा हुने राष्ट्रिय परीक्षाको सञ्चालन तथा व्यवस्थापनमा स हजीकरण गर्ने कार्य प्रादेशिक परीक्षा बोर्डको हुनेछ ।

## १.१ कार्य विवरण

**क) रजिष्ट्रेशन तथा परीक्षा आवेदन सम्बन्धी क्षेत्रीय अभिलेख व्यवस्थापन**

१. जिल्ला तथा शाखा कार्यालयबाट प्राप्त विवरणका आधारमा जिल्लागत रजिष्ट्रेशन तथा परीक्षा आवेदन सम्बन्धी क्षेत्रीय तहको अभिलेख व्यवस्थापन गर्ने

२. राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त रजिष्ट्रेशन तथा आवेदन फाराम सम्बन्धी निर्देशन तथा परिपत्रकोसहज व्यवस्थापन गर्ने र सो अनुसार गरे नगरेको अनुगमन गर्ने

३. रजिष्ट्रेशन तथा परीक्षा आवेदन फाराममा भएको संशोधनको अद्यावधिक अभिलेख राख्ने

४. परीक्षा सम्बन्धी अभिलेख अद्यावधिक गर्ने, नामथर संशोधनको अभिलेख अद्यावधिक गर्ने ।

**ख) परीक्षा पूर्वको व्यवस्थापन**

१. कक्षा १० को परीक्षाका लागि आवश्यक प्रश्नपत्र निर्माण, मोडेरेशन तथा सेक्युरिटि प्रेशमार्फत् छपाइ गर्ने ।

२. राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त नमुना तथा मापदण्डका आधारमा कक्षा १०, ११ र १२ को परीक्षाका लागि आवश्यक पर्ने उत्तरपुस्तिका, रजिष्ट्रेशन तथा परीक्षा आवेदन छपाइ गर्ने र जिल्लामा वितरण गर्ने

३. राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त परीक्षाका प्रश्नपत्र ( कक्षा १०, ११ र १२) हरु जिल्लाहरुमा सुरक्षित तरिकाबाट पठाउने ।

**ग) परीक्षाको सञ्चालन सम्बन्धी जिम्मेवारी**

१. परीक्षा सञ्चालन सम्बन्धी निर्देशिका, निर्देशन आदि समयमै शाखा तथा जिल्ला कार्यालयलाई उपलब्ध गराउने

२. परीक्षालाई मर्यादित बनाउन परीक्षाको अनुगमन, निरीक्षण कार्यको व्यवस्थापन गर्ने र नमुनाका रुपमा परीक्षाको अनुगमन गर्ने

३. राष्ट्रिय परीक्षा बोर्डबाट तय गरिएका उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण केन्द्रमा पुर्‍याउन आवश्यक समन्वय तथा सहजीकरण गर्ने

४. उत्तर पुस्तिका परीक्षण केन्द्रमा पुगे नपुगेको अनुगमन गर्ने र व्यवस्थित तरिकाबाट परीक्षण केन्द्रमा नै वसेर उत्तर पुस्तिका परीक्षण तथा समपरीक्षण गर्ने प्रबन्ध मिलाउने

५. प्रयोगात्मक परीक्षा सञ्चालन गर्न आवश्यक वाह्य परीक्षक खटाउन पर्ने विषयहरुमा आवश्यक व्यवस्थापन गर्ने ।

**घ) परीक्षा पश्चात्को जिम्मेवारी**

१. कक्षा १० को उत्तर पुस्तिका परिक्षण, सम्परीक्षण कार्यको व्यवस्थापन, अनुगमन तथा आवश्यक निर्देशन प्रदान गर्ने
२. कक्षा ११ र १२ को उत्तर पुस्तिका  परीक्षण र समपरीक्षण कार्यको व्यवस्थापन गर्ने
३. कक्षा १० को परीक्षाको नतिजा प्रकाशन सम्बन्धी सबै कार्यहरु ( मार्क स्लिपको कम्प्युटर प्रविष्टि, मार्क स्लिपको रुजु, मार्कको तालिकीकरण, तथा नतिजा प्रकाशन) संपादन गर्ने ( हाल यो कार्य परीक्षा नियन्त्रण कार्यालय कक्षा १० बाट गरिने)
४. परीक्षाको मार्क सिट छपाइ तथा वितरण (हाल सुरक्षित प्रेशको प्रबन्ध नहुँदासम्म मार्क सिटको छपाइ सम्बन्धी कार्य राष्ट्रिय परीक्षा बोर्डबाट सम्पादन गरिने)
५. परीक्षाका मार्क सिटहरु जिल्लामा वितरणका लागि शाखा कार्यालयमा पठाउने
६. कक्षा ११ र १२ को उत्तर पुस्तिका परीक्षण, समपरीक्षण सम्बन्धी कार्य तोकिएका जिल्ला परीक्षण केन्द्रबाट सम्पादन गर्ने
७. कक्षा ११ र १२ को परीक्षणको मार्क स्लिप राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयमा पठाउने
८. मार्क सिटमा प्रविष्ट भएको नाम, थर तथा जन्म मितिमा फरक परेको वा त्रुटि भएको अवस्थामा तोकिएको कार्यप्रक्रिया तथा प्रमाणका आधारमा सच्याउने र तदनुसारको अभिलेख अद्यावधिक गर्ने । नाम थर तथा जन्म मिति सच्चिएको विवरण अभिलेख अद्यावधिक गर्ने प्रयोजनका लागि शाखा तथा जिल्ला शिक्षा कार्यालयलाई पठाउने ।
९. प्रदेश भित्रका कक्षा १०, ११ र १२ का विषयगत शिक्षकहरुको रोष्टर तयार गर्ने, गराउने ।

**प्रादेशिक परीक्षा बोर्ड**




## १.२ प्रदेश तहमा रहने जनशक्तिको प्रस्तावित विवरण

| क्र.स. | पद | दरबन्दी | कूल जम्मा |
|---|---|---|---|
| १ | परीक्षा नियन्त्रक (सहसचिव स्तर) | १ | ७ |
| २ | उपनियन्त्रक (उपसचिव स्तर) | ४ | २८ |
| ३ | शाखा अधिकृत | ५ | ३५ |
| ४ | लेखा अधिकृत | १ | ७ |
| ५ | कम्प्यूटर इन्जिनियर | १ | ७ |
| ६ | प्रशासन सहायक | ६ | ४२ |
| ७ | लेखासहायक | २ | १४ |
| ८ | कम्प्यूटर सहायक प्रथम | ५ | ३५ |
| ९ | पुस्तकालय सहायक | १ | ७ |
| १० | हसचा | ३ | २१ |
| ११ | का.स | ६ | ४२ |
| १२ | माली | १ | ७ |
| १३ | स्वीपर | १ | ७ |
| | **जम्मा** | ३७ | २५९ |

*नोटः प्रदेशको भौगोलिक अवस्था, विद्यालय र विद्यार्थी संख्याको आधारमा कुल संख्यामा नबढ्ने गरी अन्तर प्रदेश दरबन्दी समायोजन गर्न सकिनेछ*

## २. प्रादेशिक प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र

हाल क्षेत्रीय तहमा रहेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम निकायहरुलाई रुपान्तरित स्वरुपमा प्रत्येक प्रदेशमा CTEVT अन्तर्गत नै रहनेगरी एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र रहने प्रस्ताव गरिएको छ।




### २.१ मुख्य कार्यविवरण

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थालाई सम्वन्धन दिने,
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको ऐच्छिक पाठ्यक्रम निर्माण र पाठ्यसामग्री विकास गर्ने,
३. प्राविधिक तथा व्यावसायिक शिक्षाको परीक्षा सञ्चालन तथा सीप परीक्षण गर्ने,
४. प्राविधिक शिक्षालय तथा पोलिटेक्निकका प्रशिक्षकको प्रशिक्षण तथा कार्यशाला सञ्चालन गर्ने,
५. तालिम निकायका प्रमुखलाई व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने,
६. मातहतका सरकारी तथा नीजि तालिम प्रदायक निकाय तथा शिक्षालयको नियमन गर्ने,
७. श्रम बजार सूचना प्रणाली अद्यावधिक गर्ने,
८. रोजगार बजार समन्वय,रोजगारी परामर्श तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने लगायत ।

### २.२ प्रदेश तहमा रहने जनशक्तिको प्रस्तावित विवरण

| क्र.स. | पद | दरबन्दी | कूल जम्मा |
|---|---|---|---|
| १ | निर्देशक (सहसचिव स्तर) | १ | ७ |
| २ | उपनिर्देशक (उपसचिव स्तर) | ५ | ३५ |
| ३ | प्राविधिक अधिकृत | १० | ७० |
| ४ | प्रशासन अधिकृत | १ | ७ |
| ५ | लेखा अधिकृत | १ | ७ |
| ६ | सहायक प्रथम | १० | ७० |
| ७ | लखापाल | १ | ७ |
| १० | हसचा | ३ | २१ |
| ११ | का.स | ७ | ४९ |
| | **जम्मा** | ३९ | २७३ |

## ३. प्रदेश शिक्षा सामग्री प्रकाशन केन्द्र

हालको जनक शिक्षा सामग्री केन्द्र अन्तर्गत कार्यरत क्षेत्रीय कार्यायहरुलाई स्तरीकरण तथा रुपान्तरण गरी प्रत्येक प्रदेशमा एक शिक्षा सामग्री प्रकाशन केन्द्र रहने प्रस्ताव गरिएको छ । हाल जनक शिक्षामा उपयोगमा आएका छपाइ मेसिन र जनशक्ति समानुपातिक रुपमा प्रदेश स्तरका केन्द्रहरुमा स्थानान्तरण गरी मौजूदा लगानी एवम् संरचनाको अधिकतम् उपयोग गरिने छ । यस निकायका मुख्य कार्य, संगठन संरचना र जनशक्ति विवरण देहायबमोजिम छः




**३.१ मुख्य कार्यविवरण**

१. प्रदेश सरकारद्वारा उत्पादित विद्यालय स्तरको पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रकाशन तथा वितरण व्यवस्था मिलाउने,

२. शिक्षा सम्बन्धी विभिन्न प्रकारका नीति, योजना दस्तावेज तथा अन्य पाठ्यसामग्री प्रकाशन तथा वितरण गर्ने,

३. विद्यालय तहको जिल्ला र प्रदेशस्तरीय सार्वजनिक परीक्षाहरुका संवेदनशील सामग्रीहरु जस्तै प्रश्नपत्र, प्रमाणपत्र रजिष्ट्रेसन फाराम छपाई गर्ने,

४. विभिन्न प्रकारका अभ्यास पुस्तिका अभिलेख फायल टिप्पणी र लेटर प्याड लगायत कार्यालय सामग्रीहरु छपाई गर्ने, र

५. भाषिक, साहित्य एवम् विविध वाङ्गमयका पुस्तकहरु तथा विश्वविद्यालय तहका पाठ्यसामग्रीहरु मुद्रण तथा विक्री वितरणको व्यवस्था मिलाउने ।

### ३.२ प्रदेश तहमा रहने जनशक्तिको प्रस्तावित विवरण

| क्र.स. | पद | दरबन्दी | कूल जम्मा |
|---|---|---|---|
| १ | निर्देशक (सहसचिव स्तर) | ० | ० |
| २ | उपसचिव स्तर | १ | ७ |
| ३ | शाखा अधिकृत | ३ | २१ |
| ४ | लेखा अधिकृत | १ | ७ |
| ५ | लेखापाल | २ | १४ |
| ६ | नासु | ३ | २१ |
| ७ | प्राविधिक कर्मचारी तह ३ देखि ५ सम्म | २८ | १९६ |
| ८ | सवारी चालक | ५ | ३५ |
| ९ | का.स | ४ | २८ |
| | **जम्मा** | ४७ | ३२९ |

## ८. प्रादेशिक विश्वविद्यालय

संविधान अनुसारका प्रादेशिक विश्वबिद्यालयहरु आवश्यकताका आधारमा स्थापना हुने तथा सञ्चालन व्यवस्था मिलाइने छ । त्यसै गरी हरेक प्रदेशमा स्थापित विविहरू सोही प्रदेशमा स्वतः रहनेछन् । केन्द्रमा रहने विश्वविद्यालय अनुदान आयोगको समन्वयमा विश्वविद्यालयहरुको सञ्चालन तथा व्यवस्थापन गरिने छ ।

# खण्डः ग

# संघीय तहको प्रस्ताविक सङ्गठन संरचना, कार्य र जनशक्ति

## १. शिक्षा मन्त्रालय

समग्र शिक्षा क्षेत्रको कानून निमार्ण, नीति निर्धारण, अन्तराष्ट्रिय सम्बन्ध एवम् सम्झौता, अन्तरप्रदेश सन्तुलन एवम् समन्वय, गुणस्तर, मापदण्ड जारी र नियन्त्रण आदि कार्यसम्पादनका लागि शिक्षा मन्त्रालय रहने प्रस्ताव गरिएको छ । शिक्षा मन्त्रालयको संरचना, कार्यविवरण र जनशक्ति देहायबमोजिम प्रस्ताव गरिएको छ ।



**१.१ मुख्य कार्यविवरण**

१. संघीय शिक्षा सम्बन्धी नीति निर्धारण गर्ने,
२. राष्ट्रिय जनशक्ति प्रक्षेपण र योजना निर्माण गर्ने,
३. राष्ट्रिय अनुगमन खाका निर्माण र अनुगमन व्यवस्थापन गर्ने,
४. शिक्षामा लगानीका मापदण्ड निर्धारण र स्रोत बाँडफाँड गर्ने,
५. वैदेशिक सहायता प्राप्ति र परिचालन गर्ने गराउने,
६. शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन व्यवस्था मिलाउने,
७. शिक्षा सम्बन्धी बहुपक्षीय तथा द्वीपक्षीय सम्झौता र अन्तर्राष्ट्रिय संस्थासंग सहकार्य गर्ने गराउने,
८. कुटनैतिक नियोग तथा विदेशी वोर्डबाट सञ्चालित शैक्षिक कार्यक्रमको स्वीकृति तथा नियमन गर्ने ,
९. विद्यालयदेखि उच्च शिक्षासम्मका शैक्षिक संस्थाहरुलाई निर्देशन र नियमन गर्ने,
१०. अन्तर्राष्टिय छात्रवृत्ति विद्वतवृत्ति सम्बन्धी नीति निर्माण गर्ने,
११. अन्तर्राष्ट्रिय स्वंयसेवा परिचालन सम्बन्धी नीति निर्धारण र व्यवस्थापन गर्ने,
१२. शिक्षा सम्बन्धी केन्द्रीय सूचना प्रणाली व्यवस्थापन गर्ने,
१३. स्वायत्त निकायहरु उच्च शिक्षा आयोग, प्राविधिकशिक्षा तथा व्यवासायिक तालिम परिषद् र विश्वविद्यालयहरु जस्ता निकायबिच समन्वय गर्ने,
१४. अन्तर प्रदेस बिचका शैक्षिक मुद्दा/समस्याहरुको समाधानको लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने,
१५. बैदेशिक अध्ययन अनुमती पत्र जारी गर्ने,
१६. प्राप्त छात्रबृत्तिमा अध्ययनका लागि विद्यार्थी छनोट गर्ने,
१७. शिक्षा सम्वन्धी तथ्याङ्क संश्लेषण तथा राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्ने ।

## २. पाठ्यक्रम तथा जनशक्ति विकास विभाग

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण गर्ने, शिक्षा मन्त्रालय अन्तर्गत कार्यरत जनशक्तिको क्षमता विकास गर्ने, तथा सूचना प्रबिधि मार्फत पेशागत विकास तथा विद्यार्थीको सिकाइ सुधारका शैक्षिणिक कार्यक्रम विकास र कार्यान्वयन गर्न संस्थाको रुपमा साबिकको पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र तथा शिक्षा बिभागबाट सम्पादन हुदैं आएका सान्दर्भिक कार्यक्षेत्र समेटी केन्द्र तहमा पाठ्यक्रम तथा जनशक्ति विकास विभाग रहनेछ । यस निकायका मुख्य कार्य र संरचना निम्नानुसार रहने छन् :




## २.१ मुख्य कार्यविवरण

१. विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण गर्ने,
२. शिक्षा क्षेत्र सुधारका लागि शैक्षिक अध्ययन एवम् अनुसन्धान सञ्चालन गरी अध्ययन प्रतिवेदनको कार्यान्वयन व्यवस्था मिलाउने,
३. प्रदेस तथा स्थानीय निकायबाट तयार गरिएको पाठ्यक्रमको मूल्यांकन गर्ने तथा देखिएका समस्याहरुको निरुपण गर्ने,
४. जनशक्ति विकास सम्वन्धी आधुनिक ढाँचाहरु विकास गर्ने, शिक्षक तथा शिक्षा प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकास सम्वन्धी नीति तथा राष्ट्रिय योजना तर्जुमा गर्ने,
५. उच्चस्तरका प्रशिक्षक प्रशिक्षण कार्यक्रम विकास तथा सञ्चालन गर्ने ,
६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गैरसरकारी तथा नीजि क्षेत्रका तालिम निकायहरुसंग सहकार्य तथा प्रविधि परिचालन व्यवस्था मिलाउने,

७. औपचारिक,अनौपचारिक तथा खुला शिक्षाका लागि सूचना प्रविधिमा आधारित श्रव्य दृश्य सामग्री विकास तथा प्रसारण व्यवस्था मिलाउने,
८. पठन पाठन केन्द्रित कार्यक्रम सम्पादन तथा प्रसारण गर्ने रेडियो शिक्षा सञ्चालन तथा श्रव्य दृश्य स्टुडियो सञ्चालन गर्ने,
९. नियमित रुपमा राष्ट्रिय योग्यता प्रारुपको अधिनमा रही योग्यता परीक्षण र प्रमाणीकरण सम्वन्धी कार्य सम्पन्न गर्ने लगायत ।

## ३. शैक्षिक गुणस्तर परीक्षण केन्द्र

विद्यालय तथा शिक्षा मन्त्रालय अन्तर्गतका निकायहरुको कार्यसम्पादनको स्तरले शिक्षाको सेवा प्रवाह र गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले गुणस्तर अनुगमन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्नका लागि विद्यालय तथा निकायहरुको कार्यसम्पादन परीक्षण गरी कार्यसम्पादनमा सुधारका माध्यमबाट गुणस्तर सुधारका लागि प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्नु आवश्यक छ ।




## ३.१ कार्य विवरण

- विद्यालय शिक्षाका विभिन्न विषयमा स्तरीकृत परीक्षण साधन विकास र अद्यावधिक गर्ने ।
- विद्यालय शिक्षाका विभिन्न विषयमा स्तरीकृत प्रश्न पत्र बैंक स्थापना र अद्यावधिक गर्ने ।
- विद्यालय शिक्षाका विभिन्न कक्षाका विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर मापनका लागि राष्ट्रिय स्तरमा उपलब्धि परीक्षण सञ्चालन गर्ने ।
- नेपाली विद्यार्थी उपलब्धि परीक्षणको नतिजालाई अन्तर्राष्ट्रिय नतिजासँग तुलना गर्ने ।
- प्रारम्भिक तहका विद्यार्थीहरूको पठनसीप परीक्षण सञ्चालन गर्ने ।

- विद्यालय  र  अन्य शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण ढाँचा र साधनको विकास गर्ने ।
- विद्यालय तथा अन्य शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण गर्ने ।
- परीक्षण सम्बन्धी प्रतिवेदनहरू तयार गर्ने र सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने ।
- विद्यार्थी उपलब्धि सम्बन्धी लम्बीय अध्ययन सञ्चालन गर्ने ।
- शैक्षिक निकायहरूबाट सम्पादित कार्यको उपयुक्तता, सान्दर्भिकता र सक्षमताको परीक्षण गर्ने ।
- सञ्चालित शैक्षिक कार्यक्रम र परियोजनाहरूको कार्यसम्पादन परीक्षण गर्ने ।
- शैक्षिक नीति, योजना तथा कार्यक्रमको नतिजा र प्रभाव मूल्याङ्कन गर्ने ।
- शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गर्ने ।
- सम्बन्धित निकाय तथा संस्थाहरुलाई परीक्षण नतिजा तथा अध्ययन अनुसन्धानमा आधारित भई सुझाव तथा सिफारिस प्रदान गर्ने  ।
- केन्द्रको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नका लागि राष्ट्रिय शिक्षा परिषदमा पेस गर्ने,
- परीक्षण सम्बन्धी क्षमता विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।
- कार्यसम्पादन परीक्षण र विद्यार्थी मूल्याङ्नका क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संघ संस्थाहरूसँग सहकार्य गर्ने ।

## ४. नेपाल राष्ट्रिय पुस्तकालय/केसर पुस्तकालय

संवैधानिक व्यवस्थाअनुरूप संघमा पुस्तकालय व्यवस्थापन कार्यका लागि देहायको संगठन संरचना तथा कार्य विवरण र जनशक्ति प्रस्ताव गरिएको छ ।



## ४.२ मुख्य कार्यविवरण

१. पुस्तकालय स्थापना तथा व्यवस्थापन सम्बन्धी नीति कार्यविधि तथा मापदण्ड जारी गर्ने,
२. राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा प्रकशित ग्रन्थ, पुस्तक तथा अन्य श्रव्य/श्रव्य दृष्य सामाग्रीहरु संकलन तथा संरक्षण गर्ने,
३. विभिन्न सरकारी निकायहरु अन्तरगत सञ्चालित तथा सरकारी स्वामित्वमा सञ्चालित सबैप्रकारका पुस्तकालयहरु बिच समन्वय तथा सूचना एकीकरण गर्ने,
४. पुस्तकालयमा सङ्कलित सम्पूर्ण सुचना ग्रन्थ एवम् सामग्रीहरुको नियमित रुपमा राष्ट्रिय वाङ्गमय सूचि तयार गर्ने,
५. नेपाल राष्ट्रको हैसियतले अन्य राष्ट्रसंग सम्पन्न गरेका सन्धि सम्झौता तथा अन्तर्राष्ट्रिय मञ्चहरु समक्ष हस्ताक्षरित प्रतिवद्धता एवम् राष्ट्रसंघीय घोषणापत्र एवम् अन्तराष्ट्रिय कानूनी दस्तावेजहरु सङ्कलन तथा संरक्षण गर्ने ,
६. राष्ट्रभरको पुस्तकालय सूचना व्यवस्थापन प्रणाली व्यवस्थित गर्ने,
७. राष्ट्रिय गौरव, एकता, झल्कने सामग्री विकास गरी राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्ने ।

## ५. संघ स्तरमा रहने जनशक्ति विवरण

| क्र.स. | पद | शिक्षा मन्त्रालय | पाठ्यक्रम तथा जनशक्ति विकास विभाग | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | राष्ट्रिय पुस्तकालय/केशर पुस्तकालय | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सचिव | १ | ० | ० | ० | १ |
| २ | सह सचिव, शिक्षा | ३ | ३ | १ | ० | ७ |
| ३ | सहसचिव, प्रशासन | १ | ० | ० | ० | १ |
| ४ | उपसचिव, शिक्षा | १३ | ७ | ४ | २ | २६ |
| ५ | उपसचिव, लेखा | १ | ० | ० | ० | १ |
| ६ | उपसचिव, प्रशासन | १ | १ | ० | ० | २ |
| ७ | उपसचिव, कानुन | १ | ० | ० | ० | १ |
| ८ | कम्प्यूटर इन्जिनियर, उपसचिव | ० | १ | ० | ० | १ |
| ९ | कम्प्यूटर अधिकृत | १ | १ | १ | ० | ३ |
| १० | पुस्तकालय अधिकृत | | | | ८ | ८ |
| ११ | शिक्षा अधिकृत | १४ | १६ | ८ | ० | ३८ |
| १२ | शा.अ., प्रशासन | २ | १ | १ | ० | ४ |
| १३ | लेखा अधिकृत | १ | १ | १ | ० | ३ |
| १४ | लेखापाल | १ | १ | १ | २ | ५ |
| १५ | कम्प्युटर अपरेटर | २ | २ | १ | २ | ७ |
| १६ | राप अनं प्रथम | १० | ७ | ५ | ६ | २८ |
| १७ | हलुका सवारी चालक | १० | ६ | ४ | २ | २२ |
| १८ | का.स | १० | ६ | ५ | ६ | २७ |
| | **जम्मा** | ७२ | ५३ | ३२ | २८ | १८५ |

# खण्डः घ

## संघीय तहको स्वायत्त निकायको प्रस्ताविक सङ्गठन संरचना, कार्य र जनशक्ति

### १. राष्ट्रिय परीक्षा वोर्ड

विद्यालय तहको अन्तिम परीक्षा (कक्षा १२) सञ्चालन गरिने राष्ट्रिय स्तरको परीक्षा सञ्चालन गर्न हालको परीक्षा नियन्त्रण कार्यालय र उच्च माध्यमिक शिक्षा परिषद्ले गर्दै अएको परीक्षा सम्बन्धी कार्य गर्न एउटा स्वायत्त निकायको रुपमा एक राष्ट्रिय परीक्षा वोर्ड रहनेछ । यस निकायका मुख्य कार्य र संरचना निम्नानुसार रहने प्रस्ताव गरिएको छः



## १.१ मुख्य कार्यविवरण

१. परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नीतिगत निर्णयका लागि नेपाल सरकार शिक्षा मन्त्रालयलाई राय सुझाव तथा सल्लाह प्रदान गर्ने
२. मन्त्रालयले स्वीकृत गरेको परीक्षा सम्बन्धी नीतिको अधिनमा रही बोर्डको कार्यनीति तयार गरी कार्यान्वयन गर्ने गराउने
३. विद्यालय तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी वार्षिक, मध्यकालीन तथा दीर्घकालीन योजना तयार गरी स्वीकृत गर्ने र कार्यान्वयन गर्ने गराउने
४. परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यलाई बढी व्यवस्थित, मर्यादित बनाउन आवश्यक नीति, निर्देशन लगायत तयार गरी मातहतका निकायहरुलाई प्रदान गर्ने
५. कक्षा ११ र १२ को राष्ट्रिय परीक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने
६. परीक्षा र मूल्याङ्कनका लागि प्रयोगमा आउने विद्यार्थी रजिष्ट्रेशन, परीक्षा आवेदन फाराम, परीक्षा उत्तर पुस्तिका, प्रयोगात्मक परीक्षा सम्बन्धित फाराम आदिको नमुना तयार गरी आवश्यक व्यवस्थापनका लागि बोर्डको प्रादेशिक कार्यालयहरुलाई उपलब्ध गराउने ।
७. परीक्षा तथा मूल्याङ्कन कार्यलाई बढी गुणस्तरीय, विश्वसनीय तथा अन्तर्राष्ट्रिय रुपमा स्तरीय एवम् समतुल्य बनाउन प्रश्नपत्र निर्माण, परीक्षा पद्धति, परीक्षा सञ्चालन, मूल्याङ्कनमा विविधीकरण तथा समसामयिक सुधार लगायतका कार्यका लागि परीक्षा, विकास तथा अनुसन्धान, खोज तथा प्रवर्तनात्मक कार्य गरी विद्यालय शिक्षाको परीक्षा पद्धतिमा समसामयिक सुधार गर्ने गराउने
८. परीक्षाको मर्यादा कायम गर्न, गुणस्तरीय एवम् सुरक्षित वातावरणमा परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न निरन्तर रुपमा परीक्षाको मूल्याङ्कन गर्ने गराउने
९. खोज, अनुसन्धान, मूल्याङ्कनका आधारमा परीक्षा सुधार योजना विकास गरी स्वीकृत गरी कार्यान्व्यनमा ल्याउने
१०. परीक्षा सञ्चालनका समयमा नमुनाका रुपमा अनुगमन गर्ने गराउने
११. कक्षा १०, ११ र १२ को परीक्षाका प्रमाणपत्र छपाइ तथा वितरणको प्रबन्ध गर्ने गराउने
१२. सबै प्रकारका नमुनाहरु (रजिष्ट्रेशन, परीक्षा आवेदन फाराम, उत्तर पुस्तिका आदि) तयार गरी क्षेत्रीय परीक्षा कार्यालयलाई प्रदान गर्ने
१३. जिल्लाबाट प्रत्येक वर्ष कक्षा ९ मा रजिष्ट्रेशन कार्य गर्ने, कक्षा ११ र १२ को आवेदन फारामशैक्षिक सत्र सुरु भएको दुई महिना भित्र भर्ने भराउने व्यवस्था मिलाउने
१४. जिल्ला शिक्षा कार्यालयलाई कक्षा ११ र १२ को परीक्षा सञ्चालन तथा व्यवस्थापनको कार्य जिम्मेवारी तोक्ने र उक्त परीक्षाका मार्क सिट, प्रोभिजनल प्रमाण पत्रको प्रतिलिपि प्रदान गर्ने जिम्मेवारी प्रदान गर्ने
१५. शिक्षा मन्त्रालयको स्वीकृतिमा बोर्डले शाखा कार्यालय खोली परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्य गर्ने गराउने
१६. परीक्षा बोर्डले परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न आवश्यक आर्थिक स्रोत जुटाइ परिचालन गर्ने
१७. कक्षा १० र १२ का परीक्षाको प्रश्नपत्रको गुणस्तरीयता तथा मापदण्डमा सुधार गर्ने उद्देश्यबाट परीक्षाका प्रश्नपत्रको गुणस्तरीयता, प्रभावकारीता तथा स्तरीयताका सम्बन्धमा प्रत्येक ५ वर्षमा वाह्य मूल्याङ्कन गरी गराइ सुधारका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने ।

## १.२ जनशक्ति विवरण

| क्र.स. | पद | कुल दरबन्दी |
|---|---|---|
| १ | अध्यक्ष (विशिष्ट श्रेणी) | १ |
| २ | सदस्य सचिव (सहसचिव स्तर) | १ |
| ३ | परीक्षा नियन्त्रक (सहसचिव स्तर) | १ |
| ४ | निर्देशक (सहसचिव स्तर) | ३ |
| ५ | उपसचिव स्तर | ११ |
| ६ | उपसचिव कानुन | १ |
| ७ | उपसचिव लेखा | १ |
| ८ | कम्प्यूटर इन्जिनियर | २ |
| ९ | शाखा अधिकृत | १५ |
| १० | लेखा अधिकृत | २ |
| ११ | कानुन अधिकृत | १ |
| १२ | पुस्तकालय अधिकृत | १ |
| १३ | सूचना अधिकृत | १ |
| १४ | प्रशासन सहायक | २६ |
| १५ | लेखा सहायक | ४ |
| १६ | कम्प्यूटर सहायक | १८ |
| १७ | हसचा | १० |
| १८ | का.स. | २० |
| १९ | माली | २ |
| २० | स्वीपर | २ |
| | **जम्मा** | १२० |

## २. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन र व्यवस्थापन प्रभावकारी बनाउन राष्ट्रियस्तरमा एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद रहने छ । यस परिषद्को संगठन संरचना तथा कार्यविवरण देहाय बमोजिम रहनेछः




| सदस्य सचिव | निर्देशक | प्राविधिक उप निर्देशक | लेखा/प्रशासन उप निर्देशक | प्राविधिक अधिकृत | प्रशासन अधिकृत | लेखा अधिकृत | नायव सुब्बा | लेखापाल | कम्प्युटर अधिकृत | कम्प्युटर अपरेटर | कार्यालय सहयोगी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | १४ | १ | २२ | १ | २ | २२ | २ | ३ | ५ | १४±११ | १०३ |

### २.१ मुख्य कार्य विवरण

१. प्राविधिक तथा व्यवासायिक शिक्षा तालिम पाठ्यक्रम, नीति तर्जुमा तथा कार्यक्रम जारी गर्ने
२. देशभर सञ्चालित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा सञ्चालन तथा उपाधि वितरण गर्ने,
३. राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप विकास गरी जारी गर्ने,
४. राष्ट्रिय सीप परीक्षण तथा प्रमाणिकरण व्यवस्था गर्ने,
५. राष्ट्रिय प्राविधिक तथा ब्यवसायिक शिक्षा र तालिम कोष परिचालन गर्ने,
६. प्राविधिक तथा ब्यवसायिक शिक्षा र तालिम निकायहरुमा कार्यरत जनशक्ति विकासका लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन तालिम व्यवस्था गर्ने, र
७. श्रम बजार सर्वेक्षण (LMIS) व्यवस्था गर्ने ।

## ३. शैक्षिक सुरक्षण मुद्रण केन्द्र

साबिकको जनक शिक्षा सामग्रि केन्द्रको खास गरी सेक्युरीटी प्रेस एकाइमात्र केन्द्रमा रहने गरी केन्द्रमा एक शैक्षिक सुरक्षण मुद्रण केन्द्र रहने गरी प्रस्ताव गरिएको छ । जनक शिक्षा सामग्री केन्द्रले सम्पादन गर्दै आएका कार्यहरु यसैका मातहतमा रहनेगरी प्रदेशस्तरमा रहने शिक्षा सामग्री तथा प्रकाशन केन्द्रहरुले सम्पादन गर्ने व्यवस्था मिलाइएको छ । यस निकायका मुख्य कार्यहरु निम्नानुसार प्रस्ताव गरिएको छः




### ३.१ मुख्य कार्य विवरण

१. शिक्षा क्षेत्रका संवेदनसील सामग्रीहरु पाठ्यक्रम प्रश्नपत्र, नीति, योजना दस्तावेज तथा अन्य पाठ्यसामग्रीहरु प्रकाशन गर्ने आधिकारिक मुद्रकको भूमिका निर्वाह गर्ने,
२. प्रादेशिक शिक्षा सामग्री केन्द्रलाई प्राविधिक तथा नीतिगत मार्गदर्शन गर्ने,

३. नेपाल सरकारद्वारा उत्पादित अन्य संवेदनशील सामग्रीहरु प्रकाशन गर्ने,
४. भाषिक साहित्य एवम् विविध वाङ्गमयका पुस्तकहरु तथा विश्वविद्यालय तहका पाठ्यसामग्री छपाइ तथा मुद्रणको व्यवस्था मिलाउने लगायत ।

## ३.२ जनशक्ति विवरण

| क्र.स. | पद | कुल दरबन्दी |
|---|---|---|
| १ | निर्देशक (सहसचिव स्तर) | १ |
| २ | उपसचिव स्तर | ५ |
| ३ | उपसचिव स्तर, लेखा | १ |
| ४ | शाखा अधिकृत | १० |
| ५ | लेखा अधिकृत | १ |
| ६ | लेखापाल | ४ |
| ७ | नासु | १० |
| ८ | प्राविधिक कर्मचारी तह ३ देखि ५ सम्म | ४० |
| ९ | सवारी चालक | १० |
| १० | का.स | १० |
| | **जम्मा** | ९२ |

# ४. केन्द्रीय विश्वविद्यालय

हाल संचालनमा रहेका १० विश्वविद्यालयमध्ये केन्द्रीय विश्वविद्यालय (विवि) नेपाल सरकार, म. प. ले निर्णय गरे अनुरूप हुने र विभिन्न विकास क्षेत्रमा स्थापना भएका विविलाइ प्रादेशिक विविको रूपमा परिणत गर्न उपयुक्त हुने । हाल उक्त निकायमा कार्यरत कर्मचारी प्राध्यापकहरु सोही बमोजिम हुनेछन् ।

# ५. उच्च शिक्षा आयोग

हालको विश्वविद्यालय अनुदान आयोगको रुपान्तरित निकायका रुपमा विशेष गरि उच्च शिक्षाको मापदण्ड निर्धारणतथा लगानीको सन्तुलन कायम गर्न संघस्तरमा एक उच्च शिक्षा आयोग रहने र मुख्य कार्यहरु निम्नानुसार रहने प्रस्ताव गरिएको छः

## ५.१ मुख्य कार्य विवरण

१. विश्वविद्यालय तथा उच्च शिक्षाको मापदण्ड र मानक निर्धारण गर्ने,
२. उच्च शिक्षाको पाठ्यक्रम प्रारुप निर्धारण गर्ने गराउने,
३. उच्च शिक्षासंग सम्बन्धित शैक्षिक निकायहरु स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

निर्धारण गर्ने तथा नियमन गर्ने,

४. विश्वविद्यालय स्थापना सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने,

५. विभिन्न स्रोतबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरुलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

६. विश्वविद्यालयहरुमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन योजना तथा कार्यक्रमहरु निर्धारण तथा विश्वविद्यालयहरुबीच समन्वय गर्ने,

७. शैक्षिक स्तर वृद्धिका लागि विद्वतवृत्ति र अनुसन्धानका कार्यहरु गर्ने, र

८. उच्च शिक्षामा क्रेडिट ट्रान्सफरको व्यवस्था गर्ने ।

साविकको विश्वविद्यालय अनुदान आयोग नै उच्च शिक्षा आयोगमा रुपान्तरण हुने भएकाले उक्त निकायको सङ्गठन संरचना तथा ५७ जना जनशक्ति नै यथावत् रहने गरी यसको प्रस्ताव गरिएको छ ।

**यो प्रतिवेदन पहिलो ड्राफ्ट भएको हुँदा यसमा लिखित सुझाव कार्यदलका सदस्य समक्ष दिनुहुन सवै सरोकारवालासँग यो कार्यदल हार्दिक अनुरोध गर्दछ ।**